मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : ३१ ◆ अङ्क : १२३ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८२ चैत ८ गते आइतबार (Sunday, 22 March. 2026) नेपाल सम्वत् ११४६ Web : www .purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## लागूऔषधसहित ११ जना पक्राउ

**काठमाडौं, चैत ७।** नेपाल प्रहरीको लागूऔषध नियन्त्रण ब्युरोले खैरोहेरोइन र चरेससहित पाँच जनालाई पक्राउ गरेको छ। दुई फरक घटनामा पाँचजना पक्राउ गरेको ब्युरोले जनाएको छ।

ब्युरोका प्रवक्ता दुर्गाराज रेग्मीका अनुसार पहिलो घटनामा काठमाडौंमा विद्यालय र कलेजमा पढ्ने विद्यार्थीलाई समेत लागूऔषध बिक्री गरिरहेको सूचनाका आधारमा ललितपुरबाट एक महिला पक्राउ परेकी छन्।

*(बाँकी अन्तिम पृष्ठमा)*

## चट्याङ परेर घरमा आगलागी

**झापा, चैत ७।** झापाको गौरादहमा चट्याङ परेर घरमा आगलागी भएको छ।

शुक्रबार गौरादह-६ धोपा टोल बस्ने ५० वर्षीय अजयकुमार झाको टिनको छानो, बाँसले बारेको एकतले भान्सा घर र सँगै जोडिएको ग्वालीमा वर्षा र हावाहुरीसहित परेको चट्याङले आगलागी भएको हो।

आगलागीबाट भान्सा घर र ग्वाली जलेर पूर्णरुपमा नष्ट भएको छ। भान्सा घरभित्र रहेको ग्यास सिलिन्डर, चामल, साइकल, बिद्युत् मिटर, वाईफाई राउटर, भाँडा वर्तन, अन्नपात, फर्निचर र ग्वालीभित्र रहेको ६ वटा बाख्रा गरी अन्दाजी २ लाख ५० हजार मूल्य बराबरको धनमाल क्षति भएको छ।

प्रहरी चौकी कोहबराबाट खटिएको टोली, गौरादह नगरपालिकाको दमकल र स्थानीयको सहयोगमा राति १० बजे आगो पूर्णरुपमा नियन्त्रणमा आएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ।

## कुखुरा फर्ममा आगलागी

**झापा, चैत ७।** झापाको कचनकवलमा कुखुरा फर्ममा विद्युत् सर्ट भई आगलागी भएको छ।

कचनकवल गाउँपालिका-४ खुट्टामुनि बस्ने जमाल मियाँले सञ्चालन गरेको बोइलर कुखुराको फर्ममा बिद्युत् सर्ट भई आगलागी भएको हो। आगलागीबाट बोइलर कुखुराको चल्ला १४ सय वटा, प्लास्टिकको पानी र दाना बट्टा -२०० सेट, दाना १३ बोरा, भुस-३० बोरालगायत गरी करिब ४ लाख बराबरको क्षति भएको बताइएको छ। प्रहरी र स्थानीयहरूको सहयोगमा आगो निभाइएको थियो।

# बिर्तामोडमा लागूऔषध र यौनधन्दा बढ्दो

## प्रहरीकै संरक्षण रहेको दावी

**झापा, चैत ७।** कोशी प्रदेशको 'व्यवसायिक हब' बन्दै गएको बिर्तामोड र आसपासका क्षेत्रमा पछिल्लो समय अबैध यौन जन्य गतिविधि (देह व्यापार) र लागूऔषध कारोबार तथा अन्य आपराधिक गतिविधि बढ्दै गएको पाइएको छ। स्थानीय स्रोतका अनुसार यी गतिविधि नियन्त्रण गर्नुपर्ने निकाय नेपाल प्रहरी नै संरक्षणमा संलग्न रहेको दावी गरिएको छ।

विशेषगरी अर्जुनधारा नगरपालिका-११ टेकबहादुर गिरी बसपार्क क्षेत्रमा सञ्चालनमा रहेका होटल तथा लजहरूमा संगठित रूपमा 'देह व्यापार' हुने गरेको प्रहरी स्रोतकै दावी छ। त्यस्तै, मुक्तिचोक आसपासका होटलहरूमा पनि यस्तै गतिविधि फैलिएको बताइन्छ।

स्रोतका अनुसार दर्जनौं होटलहरूले यौनकर्मी राखेर व्यवसाय सञ्चालन गरिरहेका छन्। तीमध्ये केही होटलमा नाबालिकासमेत प्रयोग भएको आशंका गरिएको छ। अधिकांश यौनकर्मी लागूऔषध प्रयोगकर्ता रहेको र होटल सञ्चालक स्वयम्ले नै लागूऔषध उपलब्ध गराउने गरेको दाबी गरिएको छ।

प्राप्त विवरण अनुसार ग्राहकसँग लिने रकमको आधा हिस्सा होटल सञ्चालकले र बाँकी यौनकर्मीलाई दिने सहमति हुने गरेको बताइन्छ। तर, व्यवहारमा यौनकर्मीलाई नगदको सट्टा लागूऔषध (विशेषतः ब्राउन सुगर) उपलब्ध गराइने गरेको आरोप छ। यसले देह व्यापारसँगै लागूऔषधको कारोबारलाई पनि सुदृढ बनाएको देखिन्छ ।



यो सबै गतिविधि प्रहरीकै संरक्षणमा सञ्चालन भइरहेको गम्भीर आरोप लगाइएको छ। स्रोतका अनुसार बसपार्क क्षेत्रका होटलहरूबाट मासिक रकम संकलन गरी विभिन्न तहका प्रहरी अधिकारीसम्म पुऱ्याइने गरिएको दाबी गरिएको छ। (कुन होटलबाट कति रकम लिइन्छ पूर्वाञ्चल दैनिकसंग सो सामग्री उपलब्ध छ।) कहिलेकाहीँ 'सेटिङ' नमिल्दा मात्र छापा मार्ने र पछि आर्थिक लेनदेन मिलाएर पुनः सञ्चालन गर्न दिने अभ्यास रहेको बताइन्छ।

यसरी खुला रूपमा देह व्यापार र लागूऔषध कारोबार बढ्दा यो क्षेत्रमा चोरी, लुटपाट, गुण्डागर्दी र ब्ल्याकमेलिङ जस्ता आपराधिक गतिविधि पनि बढ्ने खतरा रहेको स्थानीयको

*(बाँकी अन्तिम पृष्ठमा)*

## कुवेतमा नेपाली चेलीको विचल्ली

**काठमाडौं, चैत ७।** वैदेशिक रोजगारीका लागि कुवेत पुऱ्याएर एक नेपाली महिलालाई बन्धक बनाइ शारीरिक तथा मानसिक यातना दिएको र घरको तलाबाट खसालेर घाइते बनाएको गम्भीर घटना सार्वजनिक भएको छ।

काठमाडौंको बबरमहल निवासी ती महिलालाई फ्रि भिसा र फ्रि टिकटमा कुवेत पठाइदिने प्रलोभन देखाएर मानव बेचबिखन गरेको आरोपमा प्रहरीले एक जनालाई पक्राउ गरी जेल चलान गरेको छ।

पीडित महिलालाई सुशीला थारु लगायतका व्यक्तिहरूले काठमाडौंको टोखा नगरपालिका-२६, बिजीमल नजिकै रहेको सरु व्युटीपार्लरमा भेटेका थिए। उनीहरूले पीडितलाई कुवेतमा व्युटीपार्लरकै काम लगाइदिने र मासिक १२० कुवेती दिनार तलब हुने आश्वासन दिएका थिए।

आकर्षक कमाइ हुने लोभमा परेकी ती महिलालाई २०८२ असार ४ गते काठमाडौंको नयाँ बसपार्कबाट सडक मार्ग हुँदै बुटवल र नेपालगञ्जको रुपेडिया नाका प्रयोग गरी भारतको नयाँ दिल्ली पुऱ्याइएको थियो।

भारतको नयाँ दिल्ली पुऱ्याएपछि पीडितलाई भाग्न वा कसैको सम्पर्कमा आउन नदिई नियन्त्रणमा राखिएको थियो। त्यहाँबाट उनलाई हवाई मार्ग हुँदै यूएईको दुबई ट्राञ्जिट बनाएर कुवेत पुऱ्याइयो। कुवेत पुगेपछि भने उनलाई सम्झौता अनुसार व्युटीपार्लरमा नभई घरेलु कामदारको रूपमा एक घरमा बन्धक बनाइयो।

कुवेतमा रहँदा पीडित महिलाले चरम शारीरिक र मानसिक यातना भोग्नुपऱ्यो। उनलाई कामको चाप दिने, समयमा खान नदिने र कुटपिट गर्ने गरिएको जाहेरीमा उल्लेख छ। सोही क्रममा घरधनीले काम गर्न नसकेको भन्दै ती महिलालाई घरको दोस्रो तलाबाट तल धकेलिदिएका थिए। सोही घटनाका कारण उनको दुवै खुट्टा भाँचिएर उनी गम्भीर घाइते भइन्। उनको नाजुक अवस्था देखेपछि कुवेत प्रहरीले उद्धार गरी स्थानीय अस्पतालमा उपचार गराएको थियो। कुवेतमा क्रियाशील युवा शक्ति नामक संस्थाको विशेष पहल र सक्रियतामा पीडित महिला २०८२ मंसीर ९ गते नेपाल फर्किन सफल भइन्।

नेपाल फर्किएपछि पीडितले २०८२ माघ ८ गते आफूलाई अलपत्र पार्ने र बेचबिखन गर्ने समूहबिरुद्ध जाहेरी दिएकी थिइन्। सोही जाहेरीका आधारमा प्रहरीले खोजतलास गर्ने क्रममा घटनामा संलग्न सुर्खेत, गर्भाकोट-५ घर भएका ४८ वर्षीय ससिराम खड्कालाई २०८२ चैत २ गते काठमाडौंको टोखाबाट पक्राउ गऱ्यो।

पक्राउ परेका खड्कालाई मानव बेचबिखन तथा ओसारपसार मुद्दामा म्याद थप गरी अनुसन्धान गरेपछि चैत ५ गते काठमाडौं जिल्ला अदालतमा पेश गरिएको थियो। अदालतको थुनछेक आदेशले प्रतिवादी खड्कालाई पुर्पक्षका लागि जगन्नाथदेवल कारागार पठाइएको छ। घटनामा संलग्न अन्य प्रतिवादीहरूको खोजी कार्य जारी रहेको प्रहरीले जनाएको छ।

## श्रमिक महिलाको निःशुल्क स्वास्थ्य जाँच



**बिर्तामोड, चैत ७।** अलैंची प्रशोधनमा काम गर्ने श्रमिक महिलाहरुको स्वास्थ्यलाई लक्षित गरी झापाको बिर्तामोडमा एक दिने निःशुल्क स्वास्थ्य शिविर कार्यक्रम गरिएको छ।

नेपाल उद्यमशील महिला संघ झापाको आयोजना साथै एनएमबी बैंक बिर्तामोडको आर्थिक सहयोग र मनमोहन सामुदायिक अस्पतालको प्राविधिक सहयोगमा शनिवार स्वास्थ्य शिविर गरिएको हो।

नेपाल उद्यमशील महिला संघ झापाकी अध्यक्ष पार्वता खरेल बिमलीको अध्यक्षतामा भएको स्वास्थ्य शिविर उद्घाटन कार्यक्रममा नेपाल पत्रकार महासंघ झापा शाखाका अध्यक्ष एकराज गिरीको प्रमुख आतिथ्य रहेको थियो।

शिविर उद्घाटन कार्यक्रममा प्रमुख अतिथि गिरी, चेम्वर्स अफ कमर्श केन्द्रीय सदस्य तथा झापा अध्यक्ष ओमकृष्ण बिमली, सदस्य भीमा शिवाकोटी, अलैंची व्यवसायी महासंघका उपाध्यक्ष सुजितकुमार बंशल, एनएमवी बैंकका एरिया मेनेजर राजु निरौला, मनमोहन अस्पतालकी भेट्रन राधा न्यौपानेलगायतले स्वास्थ्य शिविरको सफलताको शुभकामना दिएका थिए।

महिलाहरुको स्वास्थ्य शिविरमा साथ र सहयोग गर्ने संघ-संस्था तथा व्यक्तित्वहरुलाई संघकी अध्यक्ष पार्वताले धन्यवाद दिएकी थिइन्। उनले शिविरमा महिलाहरुमा हुने सवै स्वास्थ्य समस्या परीक्षण गरेर संघको समन्वयमा उपचारमा समेत सहयोग गर्ने जानकारी दिइन्। स्वास्थ्य शिविरसँगै महिलाहरुलाई निःशुल्क औषधिसमेत वितरण गरिने उनले बताइन्।

स्वागत संघकी उपाध्यक्ष यशोदा प्रसाईले गरेको उद्घाटन कार्यक्रमको सञ्चालन सचिव चन्द्रकला रिजाल भट्टराईले गरेकी थिइन्। निःशुल्क स्वास्थ्य शिविरमा महिलाहरुको उल्लेख्य सहभागिता रहेको थियो।

## निर्वाचनमा बालअधिकार उल्लंघनका ३५० घटना

**काठमाडौँ, चैत ७।** प्रतिनिधिसभा सदस्य निर्वाचन- २०८२मा बालअधिकारसम्बन्धी निर्वाचन आचारसंहिता कार्यान्वयन अध्ययन प्रतिवेदनले निर्वाचनअघि र निर्वाचनपछि ३५० उल्लंघनका घटना दर्ता भएको देखाएको छ।

बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियान नेपाल (सिजप) ले आफ्ना सदस्य संस्थाबाट गरिएको स्थलगत अवलोकन, प्रादेशिक सञ्जालबाट प्राप्त प्रतिवेदन, सञ्चारमाध्यमको निगरानी तथा 'डिजिटल प्लेटफर्म'को अनुगमनका आधारमा निर्वाचनअघि बालबालिका सम्बन्धी २८६ घटना दर्ता भएका जनाएको छ। निर्वाचनपछि १९ घटना भएका प्रतिवेदनमा उल्लेख छ।

निर्वाचन प्रचारका क्रममा रौतहटको ईशनाथ नगरपालिका-४ मठियाटोलमा गत माघ २२ गते एकजना ४ वर्षीय बालिकाको गाडी ठक्करबाट मृत्यु भएको थियो। धनुषा जिल्ला मिथिला नगरपालिका-९मा २०८२ फागुन १९ गते पुलमाथि राखिएको शङ्कास्पद वस्तु विस्फोट हुँदा १५ वर्षीया बालिका आशा



भुजेल र आठ वर्षीय बालक सुशील माझी घाइते भएका थिए। पाँचथरको फिदिम र कास्कीको अन्नपूर्ण गाउँपालिकाको विद्यालयमा निर्वाचन अघि सुरक्षा निकायले हतियार सहित प्रवेश गरेको घटना पनि दर्ता भएको थियो।

अध्ययनले निर्वाचनपूर्व राजनीतिक प्रचारप्रसारमा बालबालिकालाई झण्डा र चिह्न बोकेर जुलुस तथा आमसभामा सहभागी गराउने, राजनीतिक नाराहरू लगाउने, प्रचार सामग्री वितरण गर्ने, राजनीतिक पोशाक लगाउने, गीत तथा नृत्य कार्यक्रममा भाग लिन लगाउने जस्ता गतिविधिहरू गरिएको थियो।

कतिपय घटनामा बालबालिकामार्फत प्रचार भिडियो र सामाजिक सञ्जाल सामग्री निर्माण गरी मत माग्ने वा विशेष दलको समर्थन गर्ने सन्देश सम्प्रेषण गरिएको प्रतिवेदनमा उल्लेख छ।

विद्यालय पोशाकमै बिद्यार्थीहरूलाई जुलुसमा सहभागी गराउने, राजनीतिक नेताहरूले विद्यालय भ्रमण गर्ने, विद्यालय नजिक चुनावी कार्यक्रम सञ्चालन हुने र बस प्रयोग हुने जस्ता गतिविधिले विद्यालयलाई बालमैत्री र राजनीतिक रूपमा तटस्थ स्थान बनाउन चुनौति पु-याएको अध्ययनले देखाएको छ। अभियानका अध्यक्ष तिलोत्तम

*(बाँकी अन्तिम पृष्ठमा)*

## कचनकवलमा मखनाखेती

**झापा, चैत ७।** मुलुकको होचो स्थानका रूपमा चिनिने झापाको कचनकवल गाउँपालिकामा पहिलोपटक व्यावसायिक रूपमा मखना (फक्स नट) खेती गर्ने तयारी भएको छ।

कचनकवल-४स्थित प्रशिद्ध पर्यटकीय क्षेत्र कचनकवल स्तम्भ आसपासको सिमसार क्षेत्रलाई सदुपयोग गर्दै स्थानीय किसानले मखनाखेतीको तयारी गरेका हुन्।

गाउँपालिकाका उपाध्यक्ष नवराज भट्टराईका अनुसार कचनकवल र छिमेकी झापा गाउँपालिकाका किसान सङ्गठित भएर पहिलो चरणमा करिब २५ बिगाह जमिनमा मखनाको खेती गर्दैछन्।

अर्को वर्षदेखि १५० बिगाहभन्दा बढी क्षेत्रफलमा खेती विस्तार गर्ने तयारी गरिरहेको उनले जानकारी दिए। यसको बजार अवस्था र उत्पादन तथा



बिक्री-वितरणबारे हामीलाई पनि जानकारी छैन- उनले भने- किसानले ठूलो योजनाका साथ खेती लगाउँदै हुनुहुन्छ, जिल्लामै यसको पहिलोपटक खेती गर्न लागिएको हो।

स्थानीय विनोदकुमार गणेशसहित अगुवा किसानले बाँझो र दलदले सिमसार जमिनलाई भाडामा लिएर यसको व्यावसायिक खेती गर्ने बीऊ उत्पादन गरिरहेका छन्- उपाध्यक्ष भट्टराईले भने। यसको रोपन वैशाख र जेठ महिनाभित्र गरिने उनले जानकारी दिए।

परम्परागत खेतीभन्दा भिन्न हुनुका साथै विशेषगरी पानी जम्ने सिमसार क्षेत्रमा फस्टाउने मखनाका लागि कचनकवलको भूगोल निकै उपयुक्त मानिएको गाउँपालिकाको कृषि शाखाले जनाएको छ। कृषि शाखाका प्रमुख सङ्गम सापकोटाका अनुसार प्रशस्त पानी चाहिने यस खेतीका लागि यहाँको ओसिलो जमिन प्राकृतिक रूपमा वरदान सावित भएको छ। बिगतमा छिमेकी मुलुक भारतको विहार र आसपासका क्षेत्रमा मात्र सीमित रहेको यो खेती नेपालमा व्यावसायिक रूपमा शुरु हुनुलाई कृषि क्षेत्रको ठूलो उपलब्धिका रूपमा लिइएको उनको भनाइ छ।

कृषि शाखाले यस खेतीको प्राविधिक पक्ष र सम्भाव्यताको अनुगमन गर्ने तयारी गरिरहेको छ। स्वास्थ्यका दृष्टिकोणले 'सुपरफुड' मानिने र बजारमा उच्च माग रहेको मखनाको उत्पादनले स्थानीय किसानको आर्थिकस्तर उकास्ने मात्र नभइ, कचनकवलको पर्यटन र पहिचानलाई नयाँ उचाइ दिने विश्वास लिइएको कृषि शाखा प्रमुख सापकोटाले बताए।

अहिलेसम्म मखनाको बजार र प्रशोधन प्रविधिबारे स्थानीयस्तरमा पर्याप्त जानकारी नभए पनि किसानले ठूलो लगानी र योजनाका साथ शुरु गरेकाले यसको खेतीले झापामा कृषि विविधीकरणको नयाँ आयाम थप्ने उनले विश्वास व्यक्त गरे।

Advance Pathology Lab

विश्वसनीय स्वास्थ्य परीक्षणको लागि तपाईंको आफ्नै ल्याब
हामीकहाँ आधुनिक प्रविधिबाट सुसज्जित प्रयोगशाला, अनुभवी प्राविधिक र छिटो तथा भरपर्दो रिपोर्टको व्यवस्था छ।

तपाईंको स्वास्थ्य, हाम्रो जिम्मेवारी।

- छिटो र भरपर्दो रिपोर्ट
- आधुनिक मेसिन र अनुभवी टेक्निसियन
- सबै प्रकारका रगत तथा पिसाब परीक्षण
- उचित शुल्कमा गुणस्तरीय सेवा

Advance Pathology Lab
ISO 15189 -2022 certified lab
Birtamode-1, Charpane, Jhapa
023-536070, 9817032003
Email:advancelab2010@gmail.com

# पाथीभरामा पाँचौंपटक हिमपात



**ताप्लेजुङ, चैत ७।** ताप्लेजुङस्थित पाथीभरा मन्दिर क्षेत्रमा हिमपात भएको छ।

शुक्रबारसाँझदेखि भएको वर्षासँगै हिमपात भएको पाथीभरा क्षेत्र विकास समितिका कर्मचारी राजेन्द्र महतले जानकारी दिए।

उनका अनुसार केही दिनदेखि पाथीभरा क्षेत्रको मौसम धुम्मिएको थियो। आजको हिमपातसँगै यसवर्ष पाथीभरामा पाँचपटक हिउँ परिसकेको छ। हिउँ परेसँगै पाथीभरामा दर्शनार्थीहरूको घुइँचो लागेको छ। पाथीभराको दर्शनसँगै हिउँ खेल्न पाइने भएकाले नजिकका क्षेत्रका मानिसहरू पनि त्यहाँ पुगेका छन्।

हिमपातसँगै जिल्लाभर चिसो बढेको छ। जिल्लाका उत्तरी उच्च भेगहरूमा समेत हिउँ परेको स्थानीयहरूले बताएका छन्।

# सुरुङ्गामा पुस्तक व्यवसायीको भेला

**सुरुङ्गा, चैत्र ७।** झापा क्षेत्र नम्बर ४मा पुस्तक तथा स्टेशनरी व्यवसायलाई व्यवस्थित, मर्यादित र कानूनी दायराभित्र राख्ने उद्देश्यसहित व्यवसायीहरूले सशक्त आवाज उठाएका छन्।

कनकाई नगरपालिका-सुरुङ्गास्थित होटल समृद्धिमा शनिवार सम्पन्न व्यवसायीहरूको ऐतिहासिक प्रथम भेलाले पुस्तक कारोबारलाई व्यवस्थित बनाउन महत्वपूर्ण निर्णयहरू गर्दै जिल्ला समिति समक्ष विभिन्न मागहरू प्रस्तुत गरेको छ।

भेलामा सहभागी अधिकांश व्यवसायीहरूले नेपाल सरकारबाट विधिवत अनुमति नलिएका तथा सम्बन्धित संघको सदस्यता नलिएका गैर-व्यवसायीलाई पुस्तक खरिद-बिक्री गर्न पूर्ण रूपमा रोक लगाउनुपर्नेमा जोड दिएका छन्। पुस्तक तथा स्टेशनरी व्यवसायी संघ व्यवसायीहरूको छाता संगठन भएकाले यसको सदस्यता नलिएका व्यक्तिलाई कारोबार गर्न दिनु उचित हुँदैन। यसले व्यवसायमा अस्वस्थ प्रतिस्पर्धा मात्र होइन, गुणस्तरहीन सामग्रीको बिक्रीलाई समेत बढावा दिन्छ- उनीहरुले भने।

निजी प्रकाशन गृहका अधिकृत विक्रेताहरूलाई पनि संघको सदस्यता नलिएका व्यवसायीलाई आगामी शैक्षिक सत्रदेखि पुस्तक उपलब्ध नगराउन



आग्रह गरिएको छ। व्यवसायीहरूले स्पष्ट रूपमा भनेका छन् कि अबदेखि नेपाल सरकारबाट आधिकारिक अनुमति प्राप्त र संघमा आबद्ध भएका व्यवसायीलाई मात्र पहिचानका आधारमा पुस्तक उपलब्ध गराइनुपर्छ। यसका लागि आगामी शैक्षिक सत्रदेखि परिचयपत्र प्रणाली लागू गर्नुपर्ने माग पनि उठाइएको छ।

संघको सदस्यता विस्तार र नवीकरणलाई समेत प्राथमिकता दिँदै, छुटेका व्यवसायीलाई फागुन मसान्तसम्म समय दिइएकोमा हालसम्म १५३ जना व्यवसायी सदस्य भइसकेका छन्। बाँकी व्यवसायीलाई समेट्न चैत १५ गतेसम्मको समय थप गरिएको संघका जिल्ला अध्यक्ष बिनोद सापकोटाले जानकारी दिए।

यसैबीच, विद्यालय परिसरभित्र पाठ्यपुस्तक तथा शैक्षिक सामग्री बिक्री वितरण गर्न नपाइने कानूनी व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन गराउन संघले झापाका १५ वटै स्थानीय तहलाई ध्यानाकर्षण गराएको छ।

इमेलमार्फत पठाइएको पत्रमा सामुदायिक तथा संस्थागत विद्यालयहरूलाई आफ्नो हाताभित्र कुनै पनि शैक्षिक सामग्री बिक्री नगर्न अनुरोध गरिएको छ। कतिपय निजी विद्यालयहरूले आफ्नै नाममा कापी छपाई गरी विद्यार्थीलाई बिक्री गरिरहेको गुनासो आएकोले त्यसको समेत कडाइका साथ अनुगमन गर्न सम्बन्धित निकायसँग संघले आग्रह गरेको छ।

उपभोक्तालाई प्रलोभनमा पारेर गुणस्तरहीन सामग्री बिक्री भइरहेको अवस्थाप्रति चिन्ता व्यक्त गर्दै संघले सचेत रहन उपभोक्तालाई अपिल गरेको छ। व्यवसायीहरूलाई पनि कानूनी अनुमति अनुसारको मात्र कारोबार गर्न महासंघले अनुरोध गरेको छ।

शनिवारको भेलाले नयाँ नेतृत्व समेत चयन गरेको छ। कन्काईका बल्लभकुमार गौतम अध्यक्षमा सर्वसम्मत चयन भएका छन् भने झापा गाउँपालिकाका शंकर पाण्डे सचिव बनेका छन्। सदस्यहरूमा कनकाईका रमेश बिमली, शिवसताक्षीकी रोहिता भट्टराई र प्रतिमा भट्टराई चयन भएका छन्।

नवनिर्वाचित अध्यक्ष गौतमले सबै व्यवसायीलाई संघमा आबद्ध भई व्यवसायलाई व्यवस्थित र मर्यादित बनाउन आह्वान गरेका छन्। कार्यक्रममा विभिन्न व्यक्तित्वहरूको सहभागिता रहेको थियो भने अन्तरक्रिया कार्यक्रम समेत सम्पन्न गरिएको संघले जनाएको छ।

# गोलधाप युवा क्लबको व्यूटीसियन तालिम

**अर्जुनधारा, चैत ७।** झापाको अर्जुनधारा नगरपालिका-९स्थित गोलधाप युवा क्लबको आयोजनामा ४५ दिने व्यूटीसियन तालिम शनिबार सम्पन्न भएको छ।

स्थानीयस्तरमा रहेका महिलाहरुलाई सिप प्रदान गरी आत्मनिर्भर बनाउने उद्देश्यले उक्त तालिम सञ्चालन गरिएको क्लबका अध्यक्ष सुरेन राईले जानकारी दिए। अर्जुनधारा जेसीज शनिश्चरेकी महासचिव एवम् तालिमकी प्रशिक्षक कला विष्टले हेयर स्टाइल, स्कीन केयर र मेकअप आर्टिस्ट्री बारे प्रशिक्षण दिएको कार्यक्रममा २० जना प्रशिक्षार्थीको सहभागिता रहेको थियो।

क्लबका अध्यक्ष राईको अध्यक्षतामा आयोजित तालिम समापन कार्यक्रममा सहभागी प्रशिक्षार्थीहरुलाई प्रमाण-पत्र प्रदान गरिएको थियो। त्यसैगरी कार्यक्रममा प्रशिक्षार्थी सुष्मा दाहालले तालिमको अनुभव प्रस्तुत गरेकी थिइन्।

कार्यक्रममा अर्जुनधारा नगर कार्यपालिकाकी सदस्य गौरीमाया चिमरिया, वडा सदस्य बुद्धिमान लिम्बू, नमूना सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष जागिरमान राई, प्रशिक्षक विष्टलगायतले तालिमबाट प्राप्त ज्ञान र सिपलाई व्यावहारिक जीवनमा प्रयोग गर्न सुझाएका थिए।

क्लबका सचिव भूपालराज कार्कीले स्वागत गरेको उक्त कार्यक्रमको सञ्चालन सचिव मौसम मगर आइडूले गरेका थिए।

# सेतीदेवी मन्दिरमा श्रीमद्भागवत सप्ताह ज्ञान महायज्ञ



**अर्जुनधारा, चैत ७।** झापाको अर्जुनधारा नगरपालिका-८ सातपत्रेस्थित सेतीदेवी मन्दिरमा शनिबारदेखि श्रीमद्भागवत सप्ताह ज्ञान महायज्ञ संगीतमय महापुराण शुरु भएको छ।

मन्दिर स्थापना भएपछि पहिलोपटक धार्मिक अनुष्ठानको रुपमा आयोजना गरिएको उक्त महापुराणको प्रमुख अतिथि अर्जुनधारा नगरपालिकाका प्रमुख बलदेवसिंह गोम्देन तामाङले उद्घाटन गरेका थिए।

यही चैत १३ गते रामनवमी पर्वको दिन सम्पन्न हुने महापुराणको कथा वाचन एवम् पाठ पारायण पण्डितद्वय इन्द्र अधिकारी र सन्तोष निरौलाले गरिरहेको मन्दिर व्यवस्थापन समितिका अध्यक्ष नारायण कटुवालले जानकारी दिए।

महापुराणको अन्य उद्देश्यहरुमा मन्दिर निर्माण, अक्षयकोषको वृद्धि एवम् विभिन्न योजनाहरु सञ्चालनका लागि आवश्यक स्रोत जुटाउने रहेको बताइएको छ।

महापुराण अन्तर्गत दैनिक स्थानीय कलाकारहरुबाट भजनकीर्तन, सम्मानलगायतका कार्यक्रमहरु सञ्चालन हुने बताइएको छ। समितिका अध्यक्ष कटुवालको अध्यक्षतामा आयोजित उक्त कार्यक्रममा स्वागत उपाध्यक्ष तुलसीराम गौतमले गरेका थिए। कार्यक्रमको सञ्चालन सञ्चारकर्मी चतुर्भुज काफ्लेले गरेका थिए। महापुराण उद्घाटनअघि विभिन्न झाँकीसहितको कलश यात्राले अर्जुनधारा-८ र ७का विभिन्न स्थानमा परिक्रमा गरेको थियो।

# बिर्तामोड-१मा उत्कृष्ट कर्मचारी र टोललाई सम्मान

**बिर्तामोड, चैत ७।** बिर्तामोड-१ले उत्कृष्ट कर्मचारी तथा टोल विकास संस्थाहरूलाई सम्मान गरेको छ।

वडा कार्यालयको सभाहलमा आयोजित कार्यक्रममा वडा कार्यालयमा खरिदार पदमा कार्यरत कर्मचारी गीतादेवी ढुंगानालाई 'वर्ष उत्कृष्ट कर्मचारी'को रूपमा सम्मान गरिएको छ। उनलाई ५ हजार १ सय नगदसहित सम्मान गरिएको हो।

यसैगरी, वडा कार्यालयले तीन वटा टोल विकास संस्थालाई 'वर्ष उत्कृष्ट टोल' का रूपमा सम्मान गरेको छ। सम्मानित हुने टोलहरूमा पञ्चकन्या उन्नति टोल, कालिका नगर टोल र आदर्श नगर टोल विकास संस्था रहेका छन्।

उत्कृष्ट कर्मचारी र टोल विकास संस्थाका प्रतिनिधिहरूलाई कार्यक्रमका प्रमुख अतिथि बिर्तामोड नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सागर मिश्र, वडाध्यक्ष अग्निप्रसाद पाण्डे लगायत जनप्रतिनिधिहरूले खादा ओढाएर सम्मान-पत्र प्रदान गरे।

कर्मचारी र टोल विकास संस्थालाई वर्षभरिका गतिविधिलाई सूचकका रूपमा लिएर सम्मान गरिएको वडासचिव जानुका बस्नेतले जानकारी दिइन्। यसै अवसरमा नागरिकता, लागूपदार्थ दुर्व्यसन तथा साइबर अपराध सम्बन्धी अन्तरक्रिया तथा अभिमुखीकरण कार्यक्रमसमेत सम्पन्न गरिएको छ।

नागरिकता बनाउँदा आउने समस्या तथा कानूनी पक्षबारे बिर्तामोड नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मिश्र र जिल्ला प्रशासन कार्यालय झापाका प्रशासकीय अधिकृत रुपक काफ्लेले प्रशिक्षण दिएका थिए।

त्यस्तै लागूपदार्थ दुर्व्यसन र साइबर अपराधका विषयमा इलाका प्रहरी कार्यालय अनारमनी, बिर्तामोडका प्रहरी निरीक्षक रुपेश राईले प्रशिक्षण दिए। कार्यक्रममा वडा नम्बर १का सबै टोल विकास संस्थाका पदाधिकारीहरूको सहभागिता रहेको थियो।

## लागूऔषधसहित ...

पक्राउ पर्ने मकवानपुरको थाहा नगरपालिका-११ घर भएकी ३८ वर्षीया कल्पना तामाङ छन्। उनीसँग २ केजी ३०० ग्राम चरेस र डिजिटल तराजु बरामद भएको ब्युरोले जनाएको छ। यस्तै अर्को घटनामा भारतबाट काठमाडौंमा खैरो हेरोइन ल्याएर विक्री गर्दै आएको सूचनाका आधारमा खटिएको टोलीले काठमाडौं महानगरपालिका-१५ कारखाना चोकबाट तीन जना पक्राउ गरेको जनाएको छ।

पक्राउ पर्नेमा सिन्धुपाल्चोक सुनकोशी-५का ३१ वर्षीय विशाल श्रेष्ठ, चौतारा-७ का ३९ वर्षीय अर्जुन थापा र काभ्रे तेमाल-८का ३० वर्षीय सागर तामाङ छन्। उनीहरूसँग ३७ ग्राम ४०० मिलिग्राम खैरो हेरोइन र डिजटल तराजु बरामत भएको प्रहरीले जनाएको छ।

यस्तै यही घटनाको थप अनुसन्धान गर्दैजाँदा उनीहरूलाई भारतको बिहारबाट खैरोहेरोइन ल्याएर दिने बिहार अररिया फारबिसगञ्जका २५ वर्षीय विपुल बर्मालाई पनि ब्युरोले पक्राउ गरेको छ। उनीसँग १०० ग्राम खैरो हेरोइन फेला परेको ब्युरोले जनाएको छ।

त्यस्तै मोरङ विराटनगर-११ विराटनगर बसपार्कबाट अवैध लागूऔषध खैरोहेरोइन जस्तो देखिने पदार्थ १ सय ग्रामसहित भारत बिहार अररीया फारबिसगञ्ज-२५ बस्ने २५ वर्षीय बिपुल वर्मालाई प्रहरीले पक्राउ गरेको छ।

वडा प्रहरी कार्यालय विराटनगर र लागूऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय विराटनगरबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो।

उता सुनसरी धरान उपमहानगरपालिका-१६ टेम्पो स्टेण्ड अगाडिबाट नियन्त्रित लागूऔषध ट्रामाडोल ३ सय ट्याब्लेट र डिकोलिक ३ सय ट्याब्लेट सहित सोही ठाउँ बस्ने २२ वर्षीय आयुष गुरुङलाई प्रहरीले पक्राउ गरेको छ।

अस्थायी प्रहरी चौकी जोरसखुवाबाट खटिएको प्रहरीले उनलाई उक्त लागूऔषध सहित पक्राउ गरेको हो।

यता इलाम-८ सिंहबाहिनी डेरा गरी बस्ने माई नगरपालिका-५ घर भएका २० वर्षीय बिबेक लिम्बू समेत ४ जनालाई अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ २ सय ८० मिलिग्राम सहित प्रहरीले पक्राउ गरेको छ।


## तु-आवश्यकता

बिर्तामोड-५मा रहेको बस्नेत फ्रेस हाउसको लागि कामदारको आवश्यकता परेकोले सम्पर्क गर्नुहोला।

१) खसी काट्न मासु बनाउन जान्ने पुरुषः १ जना

२) चिकन बनाउन जान्ने महिला/पुरुष-१ जना

**खान, बस्न, एप्रोन र मेडिकलको व्यवस्थासहित**

नोटः खसी बनाउन (काटन जान्नेलाई) रु. १८०००/- र कुखुरा बनाउन (काट्न जान्नेलाई) रु. १५०००/-को व्यवस्था छ।

**मो. ९८०३४०१९७०**

## भिटा विक्रीमा

बिर्तामोड नगरपालिका-१ बाल्मीकि लिङ्कन कलेज दक्षिण डाक्टर कोलेनीसंगैको दक्षिण मोहडा भएको ११ धुर भिटा अर्जेन्ट परेर तु-विक्रीमा रहेकाले इच्छुकले मात्र सम्पर्क गर्नुहोला।

**मो. ९८०७९२२३०१**


## निर्वाचनमा ...

पौडेलका अनुसार यस्ता क्रियाकलापले निर्वाचन आचारसंहिताको प्रत्यक्ष उल्लंघन गरेका छन्।

अभिभावकले बालबालिकामार्फत मत माग्ने भिडियो बनाउने, सामाजिक सञ्जालका प्रभावशाली व्यक्तिहरूले बालबालिकालाई राजनीतिक सामग्रीमा प्रयोग गर्ने, बालबालिकाले राजनीतिक सन्देश दोहोर्‍याउने वा प्रतिस्पर्धी दलको आलोचना गर्ने र भिडियो सामग्रीबाट आर्थिक लाभ उठाउने जस्ता गतिविधिले बालबालिकालाई जोखिममा राखेको प्रतिवेदनले औंल्याएको छ।

महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका उपसचिव दुर्गाप्रसाद चालिसेले चुनावमा मतदान अधिकृत रूपमा भूमिका निभाउँदै गर्दा बालबालिकाको दुरुपयोगको अवस्था कम गर्न सकिएको बताउँदै सरोकारवाला निकायको सहकार्य र खबरदारीका कारण यो सम्भव भएको बताए। राष्ट्रिय बाल अधिकार परिषद्का कार्यक्रम संयोजक श्रीराम अधिकारीले बालबालिकाको दुरुपयोग रोक्न कानुनी रुपमा नै कडा व्यवस्था ल्याउनुपर्ने बताए। राष्ट्रिय माव अधिकार आयोगका खिमानन्द बस्यालले विगतको निर्वाचनको तुलनामा यसपालीको निर्वाचनको समयमा बालबालिकाको दुरुपयोग केही कम भए पनि सुधारका धेरै काम बाँकी रहेको बताए।

निर्वाचन आयोगले केही उल्लंघनको सम्बन्धमा कारबाही गरेको थियो। श्रम संस्कृति पार्टीलाई दफा १३ को उपदफा (१) को खण्ड (घ) उल्लंघन गरेकोमा रु. २५ हजार जरिवाना गरेको छ। जाजरकोट क्षेत्र नं १ का उम्मेदवार शक्तिबहादुर बस्नेतलाई पनि समान प्रावधान उल्लंघन गरेकोमा रु. २५ हजार जरिवाना गरिएको आयोगले जनाएको छ। निर्वाचनअघिको तुलनामा मतदानको दिन बालबालिका सम्बन्धी प्रत्यक्ष उल्लंघनका घटना न्यून देखिएका थिए। मतदान केन्द्रको रूपमा विद्यालय भवनको व्यापक प्रयोगसम्बन्धी संरचनात्मक चुनौति देखा परेको छ। देशभरका १० हजार ९६७ मतदानस्थलमध्ये करिब ९ हजार ४५० विद्यालयमा स्थापना गरिएको थियो।

अध्ययनले राजनीतिक दल, राज्य निकाय, समुदाय र परिवार सबैको जिम्मेवार भूमिका आवश्यक रहेको सुझाएको छ। राजनीतिक दललाई चुनावी अभियान, जुलुस, प्रचार सामग्री तथा डिजिटल सामग्रीमा बालबालिकालाई प्रयोग नगर्न, बालअधिकारको सम्मान गर्दै बालमैत्री चुनावी अभ्यास अपनाउन र विद्यालय तथा बालबालिका केन्द्रित स्थानमा चुनावी गतिविधि नगर्न सिफारिस गरिएको छ।

प्रतिवेदनले निर्वाचन आयोगलाई बालबालिकाको प्रयोग निषेध गर्ने आचारसंहिताको प्रभावकारी अनुगमन, मतदाता शिक्षा कार्यक्रममा बालअधिकार सचेतना समावेश, सरकार र नीति निर्मातालाई कानुनी प्रावधान सुदृढ गर्ने, डिजिटल माध्यममा बालबालिकाको राजनीतिक प्रयोग रोक्न निर्देशिका बनाउन सुझाव दिएको छ।

अभियानले सुरक्षा निकाय, परिवार, विद्यालय र समुदायलाई आफ्नो भूमिका निर्वाह गर्न आग्रह गरेको छ। अध्ययन सन् ५० जिल्लाका १०७ सदस्य संस्था, सातवटै प्रदेशका प्रदेश समिति, सामुदायिक रेडियो प्रसारक संघ, बालबालिका क्षेत्रका विभिन्न सञ्जाल र नागरिक समाजको सहकार्यमा गरिएको थियो। अध्ययनका निम्ति अन्तरराष्ट्रिय गैरसरकारी संस्था सेभ द चिल्ड्रेनबाट प्राविधिक सहयोग प्राप्त भएको थियो।

## बिर्तामोड ...

भनाइ छ। साथै, नाबालिका प्रयोग हुने आशंकाले मानव अधिकार उल्लंघन र यौनजन्य रोगको जोखिम समेत बढाएको भन्दै चिन्ता व्यक्त गरिएको छ।

कानून कार्यान्वयन गर्ने निकायमाथि नै संरक्षणको आरोप लाग्नु आफैमा गम्भीर विषय हो। बिर्तामोड-४की १४ वर्षीया बालिका आसिदा खातुनलाई गैरकानूनी रुपमा हिरासदतमा राखिनु र त्यस पूर्वप्रहरीले पाँच लाख रुपैयाँ लिने विषयमा बार्गेनिङ गर्नुले पनि प्रहरीको कमाउधन्दाको पर्दा फास हुन्छ।

इलाका प्रहरी कार्यालय अनारमनीको प्रमुखको रुपमा ११ महिना अघि आएका प्रहरी नायव उपरीक्षक विजय श्रेष्ठको निर्देशनमा बिर्तामोडमा सञ्चालित २२ वटा होटलबाट मासिक रुपमा वरिष्ठ प्रहरी नायव निरीक्षक देवराज निरौलाले रकम असुल्दै आएको बुझिएको छ। जसमध्ये ६० प्रतिशत प्रहरी नायव उपरीक्षक श्रेष्ठलाई र ४० प्रतिशत उनी आफैंले राख्ने गरेको समाचार स्रोतको दावी छ।

केही समय अघि बिर्तामोडको एक होटलमा भएको कुटपिट काण्डमा प्रहरी नायव उपरीक्षक श्रेष्ठले स्वयम् एक लाख रुपैयाँ लिएर सो घटना 'छापछुप' बनाएको बताइएको छ। समाचार स्रोतले भन्यो- होटल सञ्चालकलाई शुरुमा भगाइयो पछि एक रात थुनेर एक लाख रुपैयाँ लिएर सो घटना मिलापत्र गराइएको छ।

त्यसो त इलाका प्रहरी कार्यालयमा कार्यरत तत्कालीन प्रहरी निरीक्षक वुद्धिमान चोम्वाङले पनि आफ्नो भाग खोजेपछि डीएसपी श्रेष्ठ र उनीबीच खटपट भएको थियो। डीएसपी श्रेष्ठले प्रहरी निरीक्षक चोङ्वाङलाई रकम नछुट्याएपछि उनले बिर्तामोडका एक जना जनप्रतिनिधिलाई फोन गरेर घटनाको पोल खोलिदिएका थिए। त्यस लगत्तै प्रहरी निरीक्षक चोङ्वाङ्ग बिरामी भएर बिर्तासिटी अस्पताल भर्ना भएका थिए।

प्रहरी नायव निरीक्षक श्रेष्ठ र प्रहरी निरीक्षक चोङ्वाङ्गबीचको खटपटका कारण उनलाई विभागीय कारवाही गर्दै कोशी प्रदेश प्रहरी कार्यालयको गणमा पठाइएको छ।

यता प्रहरी नायव उपरीक्षक श्रेष्ठले ति जनप्रतिनिधिसंग माफी मागेका थिए। प्रहरी नायव उपरीक्षक श्रेष्ठले सो घटनामा पीडितसंग २५ हजार रुपैयाँ लिएको खुलेको छ।

जेन-जी आन्दोलनको समयमा इलाका प्रहरी कार्यालय पुनर्निर्माणका क्रममा आफैंले प्रहरी भवन बनाउन देखाएको सक्रियताका कारण उनले बाहिरी छवि राम्रो बनाएका थिए। तर, पछिल्लो समय पीडितसँग नै बार्गेनिङ गरेर रकम असुल्ने गरेको घटना सार्वजनिक भएसँगै उनी बिवादित बनेका छन्। विशेषगरी हिरासत कक्षभित्र कुटपिट र गैरकानूनी रुपमा रकम असुल्न थालेपछि उनी विवादित बन्दै गएका छन्।






## बिर्तामोडमा 4D भिडियो एक्स-रे र ल्याव सेवा

वरिष्ठ रेडियोलोजिष्ट **डा. संजयकुमार गुप्ता**द्वारा
**निशा एडभान्स अल्टासाउण्ड एण्ड डायग्नोष्टिक क्लिनिकमा**

- प्रत्येक दिन बिहान ६:०० बजेदेखि ८:३० बजे र बेलुका २:०० बजेदेखि ८:०० बजेसम्म
- पश्चिम बस स्टेण्ड उत्तर, बिर्तामोड-५, झापा




हाम्रा सेवाहरु

- Fetal Echo, Fibro Scan Liver (पहिलोपल्ट)
- विशेषज्ञद्वारा ओ.पी.डी. सेवा
- निसन्तान परामर्श केन्द्र
- 12 Lead ECG,
- सुपथ मूल्यको फार्मेसी सेवा
- अत्याधुनिक प्याथोलोजी ल्याव
- 4D भिडियो एक्स-रे
- Anomaly Scan, TVS
- रक्त नलिको Colour Doppler
- Advance CT Scan

सम्पर्क नं. : ०२३-५९०१९४, ९८०१५६६४७८, ९८१७९८४६४६


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

## सम्पादकीय

## दिवसमा मात्र सीमित नहोस्

**आज विश्वभर विभिन्न कार्यक्रमको आयोजना गर्दै पानी दिवस मनाइँदैछ । संयुक्त राष्ट्र संघको आह्वानमा प्रत्येक वर्ष मार्च २२ का दिन यो दिवस मनाउने गरिएको छ । विश्वमा देखापरेको स्वच्छ खानेपानीको संकट र त्यसको समाधानका लागि आमव्यक्ति, समुदाय, सरकार एवम् गैरसरकारी संस्था र क्षेत्रहरुलाई सजग, सचेत, सक्षम र सबल बनाउने उद्देश्यले पानी दिवस मनाउने गरिएको हो । पानी पृथ्वीको सर्वश्रेष्ठ प्राणी मानिस र मानिस लगायत सम्पूर्ण प्राणी तथा वनस्पतिको जीवन सुरक्षित गर्न नभई नहुने प्रमुख आधार मध्ये एक हो । पृथ्वीमा अस्तित्वमा रहेका मध्ये मानिस चेतनशील भएका कारण पानीको स्रोत सुरक्षित गर्दै त्यसको स्वच्छताका निम्ति प्रयत्नरत् रहनु पर्दछ ।**

**मानिसको जीवनका प्रमुख आधारमा हावा, पानी र खाना नै हो । यी तीन आधार प्रकृतिद्वारा उपहारका रुपमा पाइएका छन् । मानिस चेतनशील भएका कारण त्यसको उचित व्यवस्थापनमा समेत जिम्मेवार हुनुपर्छ र हुन्छ । त्यसमा पनि पानी कृषि प्रणालीको लागि अत्यावश्यक हुन्छ, जसको खाद्यवस्तुको उत्पादनमा मुख्य भूमिका रहन्छ । मानिसका लागि आफ्ना धार्मिक, सांस्कृतिक परम्परादेखि मृत्युपरन्तसम्मका लागि पानी नभई नहुने भएकाले पानीको स्वच्छता र सुरक्षाका लागि यो दिवसले विश्व समुदायलाई प्रत्येक वर्ष कार्यक्रमका मार्फत सजग बनाउँछ ।**

**पृथ्वीको दुई तिहाइ भू–भाग पानीले ओगटेको छ । तर, मानव स्वास्थ्यका लागि स्वच्छ पानीको संकट भने गहिरिँदैछ । स्वस्थ रहनका लागि स्वच्छ पानीको आवश्यकता हुन्छ र स्वच्छ पानी नै गुणस्तरीय जीवनको मुख्य आधार हो । त्यही सम्बन्ध र महत्त्व दर्शाउने र पानीको स्वच्छताका बारेमा अभिप्रेरित गर्न विश्व पानी दिवस मनाउने गरिएको हो । सन् २०३० सम्ममा विश्वका सम्पूर्ण जनसंख्यालाई स्वच्छ खानेपानी र सरसफाईको सुविधा उपलब्ध गराउने राष्ट्र संघको उद्देश्य छ । त्यसकै लागि पनि पानीको स्वच्छताको रक्षा गर्न सबै जुट्नुपर्छ ।**

**संयुक्त राष्ट्र संघकै सदस्य भएका नाताले पनि नेपालले आफ्नो पन्ध्रौं आयोजनामा पानीको उपलब्ध स्रोतको संरक्षण, सम्बर्द्धन, व्यवस्थित उपयोग गर्ने नीति, रणनीति, कार्यक्रम र योजना तय गरेको छ । पानीका स्रोतहरु भूमिगत, पृथ्वीको सतह र आकांशबाट पर्ने पानीको उचित उपयोग गर्ने नीति लिइएको छ । मानव जीवनको लागि अत्यावश्यक र प्रकृतिद्वारा निःशुल्क प्राप्त अमूल्य स्रोत पानी मानव निर्मित सेवा तथा प्रकृतिको दोहनका कारण प्रदूषित बन्दै गएको छ । जसले जलवायु परिवर्तन गराएको छ, स्रोत सुक्दै गएको छ । जल सम्पदामा विश्वमै धनी भएर पनि हाम्रै देशमा स्वच्छ पानीको समस्या बढ्दै गएको छ । यस्तोमा पानीको स्वच्छता कायम राख्न, प्रकृतिको संरक्षण गर्न आममानिसलाई आजको दिनले उत्प्रेरीत गर्नुपर्छ । अनि मात्र पानी दिवसको सार्थकता पुष्टि हुन्छ ।**

# जनअपेक्षाको परीक्षामा अबको राजनीति



अर्जुन मैनाली




नेपालको राजनीतिमा देखिएको पछिल्लो परिवर्तन, परिवेश र जनताको परिवर्तन प्रतिको नयाँ उद्घोष र तीव्र आकांक्षाबीच अबको राजनीतिक कोर्ष नयाँ मोड लिने प्रायः निश्चित देखिन्छ। जनमत र जनआकांक्षा अनुसार नयाँ दल र विचारलाई अभूतपूर्व मत दिएर लगभग दुई तिहाइको नजिक पुगेको नयाँ शक्तिले यही कुरालाई पुष्टी गरिसकेको छ।

नयाँ युगसँगै युवा पुस्तामा नेतृत्व विकास र राज्य सञ्चालनका सम्भावना र चुनौतीहरुका बीच सबै नयाँ अनुहारको मन्त्रिमण्डललाई अवसर र चुनौती पनि सँगै लिएर आएको छ। आगामी दिनमा प्रस्तावित नयाँ प्रधानमन्त्रीलाई सम्भावना र चुनौतीको बीचमा देश सफल बनाउने एक युगमा जन्मिने एक नेतृत्वकर्ताको रुपमा नेपाली जनताले हेरिरहेका छन्। अहिले नभए कहिल्यै नहुने भन्ने मूल मर्मका साथ नेपाली जनताको साथ र अपार जनमतले राजनीतिक वृत्तलाई जनताले नजिकबाट नियालिरहने विषय निश्चित छ।

विगत लामो समयदेखि पुराना दलहरुले राज्य सञ्चालनका विधि र पद्धतीलाई निजी सम्पत्तिका रुपमा बुझेर जन अपेक्षा अनुसार, आफैंले गरेका प्रतिबद्धता अनुसार काम गर्न नसक्दा आजको परिणाम आएको सर्वविदितै छ। निजी स्वार्थमा पाटी फुटाउने, गुट र उपगुटको राजनीति गर्ने, पाटीका कार्यकर्ता बाहेक अरुलाई जनता समेत नसम्झिने, विभेद, पूर्वाग्रह र प्रतिशोधको राजनीतिबाट आजित जनताले शान्तिपूर्वक मतदानबाट राजनीति सुनामी ल्याइदिएका छन्। काठमाडौं महानगरका पूर्व मेयर बालेन्द्र शाहले काठमाडौंलाई सुशासनको केन्द्र बनाई काम गर्ने शिलशिलामा संघीय सरकारद्वारा गरिएका अवरोध, असहयोग तथा तिरस्कारका बीचमा नयाँ राजनीतिक समिकरणसहित आएका युवा पुस्ताले पुराना राजनीतिक दलहरुलाई यस पटक आफ्नो हैसियत र हविगत देखाइदिएका छन् ।

प्रविधिको विकाससँगै देशको आर्थिक, सामाजिक विकासलाई अघि बढाउन उपलब्ध स्रोत र साधनको अधिकतम् सदुपयोग गर्दै निजी क्षेत्रको गुमेको विश्वास आर्जन गर्न तथा विद्यमान कर्मचारीतन्त्रको व्यापक परिमार्जनसहित अनलाइन प्रणालीको विकास गरी व्यथितिका बिरुद्ध निर्मम ढंगले सुशासनको पक्षमा काम गर्नु आजको आवश्यकता हो। झन्झटिलो, प्रक्रियामुखी र विभेदकारी सरकारी सेवालाई चुस्त, सरल र प्रभावकारी परिणाममुखी सेवामा बदल्न चालिनुपर्ने कदमहरु सरकारका प्रथम सय दिनका लक्ष्य र प्राथमिकता हुनुपर्छ।

सुशासनको दिशामा व्यापक फेरबदल र परिवर्तनको अपरिहार्यता सँगसँगै अबको सरकारले द्रूतरत कार्यक्षमता देखाउन र देशको समग्र बिग्रिएको छविलाई सुधार्न आर्थिक, सामाजिक र जनजिविकाका सवालमा प्रथम दृष्टिमा तपसिलका मुख्य क्षेत्रमा काम गर्नुपर्छ। जसले जनतामा सरकारप्रति सकारात्मक आशाको सञ्चार गर्न सक्छ।

**कृषि** : यस क्षेत्रलाई जिविकोपार्जनको रुपमा मात्र नलिई व्यवसायिक बनाउन नयाँ प्रविधिसँगै उत्पादन, मूल्य र बजारीकरण सरकारले ग्यारेन्टी गर्नुपर्छ। जडीबुटी र परम्परागत उपचार पद्धतीलाई परिष्कृत गर्दै विश्व बजारमा चिनाउन आवश्यक नीति तथा कार्यक्रम ल्याउन पर्छ। सो सँगसँगै नेपालको हावापानी र माटो सुहाउँदो गाँजा खेती प्रवर्द्धन गर्दै यसबाट अधिकतम् फाइदा लिनु पर्छ।

**ऊर्जाको विकास** : जनता र राज्यले आर्थिक रुपमा छिटो गति लिने यो एउटा महत्त्वपूर्ण क्षेत्र हो। ऊर्जाको क्षेत्रमा जलस्रोत मात्र नभई सौर्य र वायु ऊर्जामा काम गर्नुपर्छ। त्यस्तै ऊर्जाको अर्को प्रचुर सम्भावना हाइड्रोजन उत्पादन र प्रयोग समेतलाई प्राथमिकता दिनुपर्छ।

**पर्यटन** : अत्यन्त धेरै सम्भावना बोकेको नेपालको धार्मिक, ग्रामिण र प्राकृतिक पर्यटनमा विशेष जोड दिनु पर्छ। राजनीतिक स्थिरताको फाइदा उठाउँदै विदेशी पर्यटकले नेपालमा बिताउने समय र खर्च गर्ने क्षमतामा वृद्धि गर्नुपर्छ। जसका लागि पर्यटकीय क्रियाकलापका नयाँ सम्भावनाको छनौट गर्नुपर्छ।

**सूचना प्रविधिको विकास** : विश्वव्यापीकरणसँगै सूचना प्रविधिमा आएको नविन र आमूल परिवर्तनलाई व्यवहारिक रुपमा कार्यान्वयन गर्न यसको व्यवसायिक क्षमताको विकास र प्रवर्द्धन गर्नु साथै आन्तरिक रोजगारी सिर्जनाको मुख्य क्षेत्र बनाउनुपर्छ। एआई र नयाँ प्रविधिको व्यवसायिक र औपचारिक पाठ्यक्रम निर्माण गरी अध्ययन अध्यापन गराउनुपर्छ।

**व्यवसायिक केन्द्रको विकास** : दुईवटा ठूला आर्थिक विकास र ठूलो जनसंख्या भएका मुलुकको बीचबाट फाइदा लिँदै दुबै देशको व्यवसायिक केन्द्र business hub (आयात-निर्यात)को रुपमा विकास गर्न आवश्यक देखिन्छ। लगायत नेपाललाई मेडिकल हब, क्यासिनो हबको रुपमा समेत विकास गर्ने गरी नीति-निर्माण गर्नु आवश्यक हुन्छ।

राजनीतिक व्यवस्था परिवर्तनलाई मुद्दा बनाएर लामो समय राजनीतिक स्वार्थका रोटी सेकेका पुराना दललाई जनताले सेकाइ दिएपछि अबको पुस्ता राजनीतिक व्यवस्था परिवर्तनभन्दा पनि अवस्था परिवर्तनको पक्षमा छन् भन्ने कुरा देखिसकिएको छ। तसर्थ जनताको भावना र चाहना अनुसार काम नगरे जनताले कसलाई कतिखेर डाइनोसर बनाउँछन् भन्ने हेक्का राजनीतिज्ञले बुझ्न आवश्यक छ। त्यसैले यसै व्यवस्थाभित्र रहि यसका खराब पक्षको शल्यक्रिया गर्दै जनताको अभिमतको सम्मान गर्न र राज्य सञ्चालनमा बिना कन्जुस्याइँ अधिकतम् क्षमताको प्रयोग गर्दै डेलिभरी दिन आवश्यक छ।

# पानीको महत्व बुझाउने मात्र नबनोस् विश्व जल दिवस



कृष्ण अधिकारी

मानिस र प्रकृतिका लागि अत्यावश्यक वस्तु पानीको समस्या अहिले विश्वव्यापी चिन्ता र चासोको विषय बनेको छ। अहिले विश्वमा दुई अर्ब १० करोड मानिस सुरक्षित पिउने पानीबाट वञ्चित छन्। संसारका एक अर्ब ८० करोड मानिस फोहोर पानी त्यसमा पनि दिसाको अंश मिश्रित पानी पिउन बाध्य छन्। असुरक्षित पानी र कमजोर सरसफाईका कारण हरेक वर्ष करिब आठ लाख ४२ हजार जना मान्छे मर्ने गरेका विश्व स्वास्थ्य सङ्गठनले जनाएको छ।

तीव्र जनसंख्या वृद्धि भएसँगै पानीको चुनौती थपिएको छ। सन् २०५० सम्ममा विश्व जनसंख्या नौ अर्ब पुग्नेछ तर पानीको माग हालभन्दा ३० प्रतिशतले बढ्नेछ। अहिले नै करिब एक अर्ब ८० करोड मानिस मरुभूमिकरणको जोखिममा रहेको अवस्थामा आगामी दिनमा पानीको समस्या अझ जटिल बन्दै जानेछ। राजनीतिक विश्लेषकहरूले तेस्रो विश्वयुद्ध भएको अवस्थामा त्यो पानीकै लागि हुने बताएका छन्।

पृथ्वीको ७५ प्रतिशत भाग पानीले ओगटेको भए पनि त्यसको करिब तीन प्रतिशत मात्र खास प्रयोगमा आउन सक्छ। समुद्रमा रहेको ९७ प्रतिशत पानीलाई पिउनयोग्य बनाउन ठूलो लगानीको जरुरत पर्दछ। शुद्ध मानिएको पानीको ३० प्रतिशत भूमिगत रहेको छ, जसलाई उपयोगमा ल्याउन ऊर्जाको जरुरत पर्दछ। अहिले प्रयोगमा ल्याइएको पानी मध्ये सिँचाइमा ६९ प्रतिशत, उद्योगमा २० प्रतिशत, घरायसी प्रयोगमा १० र पिउनका लागि एक प्रतिशत मात्रै भएको पाइन्छ।

पानीको उपयोग तथा त्यसका स्रोतको संरक्षणमा चेतना अभिवृद्धि गर्ने उद्देश्यले भोलि अर्थात् मार्च २२ तारिखमा विश्व पानी दिवस मनाइँदैछ। सन् १९९२ मा रियो दि जेनेरियोमा भएको संयुक्त राष्ट्रसङ्घको वातावरण र विकास सम्बन्धी सम्मेलनले पानी दिवस मनाउनका लागि सिफारिस गरे अनुसार सन् १९९३ मा संयुक्त राष्ट्रसंघको साधारण सभाले २२ मार्चलाई विश्व पानी दिवसको रूपमा घोषणा गरेपछि विश्वभर यो दिवस मनाउन शुरु गरिएको हो।

विश्वभर पानीका स्रोत क्रमशः सुक्दै गएकाले तिनको संरक्षणमा संसारका सबै राष्ट्र अग्रसर हुनुपर्नेमा जोड दिँदै राष्ट्रसंघीय वातावरण तथा विकास महासभाले सन् १९९३ को मार्च २२ तारिख विश्व पानी दिवस मनाउने घोषणा गरेको थियो। पानीको महत्त्वबारे जनचेतना जगाउने र स्रोतको दिगो व्यवस्थापन गर्न नीति-निर्माण तहको ध्यानाकर्षण गराउन साताव्यापीरूपमा दिवस मनाउन लागेको जल तथा ऊर्जा आयोगका सहसचिव तथा प्रवक्ता माधव बेलबासेले बताउनुभयो। हरेक वर्ष मार्च २२ मा मनाइने विश्व पानी दिवस तथा मार्च २३ मा मनाइने मौसम दिवसकै सन्दर्भ पारेर नेपालमा पनि पानी तथा मौसम दिवस सँगसँगै मनाउने गरिन्छ।




प्रकृति र पानीको अन्तरसम्बन्धलाई महत्त्व दिँदै यस वर्षको विश्व पानी दिवसको नारा 'पानीका लागि प्रकृति' तय गरिएको छ। प्रकृतिले पानीका स्रोतहरू संरक्षण गर्ने र प्रकृतिको उचित संरक्षण गर्नका लागि पनि पानी नै चाहिने भएकाले नारा सान्दर्भिक देखिन्छ। पानीका स्रोत तथा मुहान बचाउन प्रकृतिको संरक्षण अपरिहार्य रहेको छ। उक्त नाराले हाल विश्वले भोगिरहेको स्वच्छ पानीका लागि प्रकृतिमा आधारित समाधान खोज्न प्रेरित गर्नेछ। यसलाई दिवसको रूपमा एक दिन वा साताव्यापी मनाएर औपचारिकता पुऱ्याउनुभन्दा मानव जीवनका लागि नभई नहुने वस्तु सर्वसुलभ, गुणस्तरीय र सबैको पहुँचमा पुग्ने सुनिश्चित गर्न नयाँ सरकारको मुख्य दायित्व हुने खानेपानी तथा सरसफाई उपभोक्ता महासंघका अध्यक्ष राजेन्द्र अर्याल जोड दिनुहुन्छ।

राष्ट्रसंघका अनुसार विश्वभर ७६ करोडभन्दा बढी मानिसले पानीको सुधारिएको स्रोतको उपयोग गर्न पाएका छैनन्। जलवायु परिवर्तन एवम् औद्योगिक प्रदुषणले विश्वमा पानीका मुहान सुक्दै गएका कारण मानवीय जीवन कष्टकर बन्दै गएको छ। पानीका स्रोतको उचित संरक्षण हुन नसक्दा विश्वव्यापीरुपमै खानेपानीको हाहाकार हुँदैछ। नेपालमा पानीको उपलब्धता प्रसस्त रहे पनि नदी, खोला तथा समग्र पानीको उचित व्यवस्थापन नहुँदा पानीको समस्या देशभरमै बढ्दै गएको छ।

नेपालको संविधानले धारा ३५ (४)मा प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुने गरी स्वास्थ्य सम्बन्धी हकको सुनिश्चित गरेको छ। सन् २०१७ सम्म आमनागरिकलाई खानेपानी तथा सरसफाईको प्रत्याभूत गर्ने घोषणा गरेपनि अहिलेसम्म खानेपानीमा ८७ प्रतिशत र सरसफाईमा ९५ प्रतिशत सफलता प्राप्त भएको सरकारी तथ्यांकमा उल्लेख छ। सरकारले खानेपानी तथा सरसफाईको आवश्यकतालाई महत्त्व दिँदै अलग्गै मन्त्रालयको व्यवस्था गरेकामा अहिले मन्त्रालय समायोजनको क्रममा खानेपानी मन्त्रालयको मात्र व्यवस्था भएकाले यसमा सरसफाई पनि समावेश गर्नुपर्ने सम्बद्ध सरोकारवालाले माग गरेका छन्। महासंघका अध्यक्ष राजेन्द्र अर्याल प्रदेशस्तरमा खानेपानी र सरसफाई सम्बन्धी एकअर्काबीच परिपूरक भएकाले प्रदेशमा जस्तै यसलाई एउटै मन्त्रालयमा राखिनु उपयुक्त हुने बताउनुहुन्छ।

सन् २०३० सम्मका लागि निर्धारण गरिएको दिगो विकास लक्ष्यको छैटौं लक्ष्यमा सफा पानी तथा सरसफाई अन्तर्गत सबैका लागि सफा पानी तथा सरसफाईमा पहुँच सुनिश्चित गर्ने, सबैका लागि सुरक्षित तथा खर्चले धान्न सक्ने मूल्यमा पिउने पानीमा सर्वसुलभ तथा समतामूलक पहुँच हासिल गर्ने, सबैका लागि पर्याप्त तथा समतामूलक सरसफाई र स्वच्छतामा पहुँच हासिल गर्ने र खुला ठाउँमा दिसा गर्ने चलनको अन्त्य गर्ने तथा पानी तथा सरसफाई व्यवस्थापनको सुधारका लागि स्थानीय समुदायहरूको सहभागितालाई साथ दिई त्यसलाई अझ सबल बनाउने उल्लेख छ।

सन् २०३० सम्ममा विश्वव्यापी र समन्यायिकरूपमा सबैका लागि सफा र सबैले उपयोग गर्नसक्ने खानेपानी सुविधा उपलब्ध हुने अपेक्षा राखिएको छ। नेपालले सन् २०३० सम्मका लागि निर्धारण गरिएको विश्वव्यापी दिगो विकासका लक्ष्य अनुसार केही सूचकहरू निर्धारण गरेको छ। यस अवधिमा ९९ प्रतिशत घरपरिवारले आधारभूत पानीको सुविधा प्राप्त गर्नेछन् भने ९५ प्रतिशत घरधुरीसँग पाइपबाट पानीको आपूर्ति हुनेछ र सुधारिएको सरसफाईको अवस्थाको सुनिश्चितता हुने जनाएको छ।

नेपालले स्रहशाब्दी विकास विकासमा खानेपानी र सफाईका क्षेत्रमा राखेको लक्ष्य निर्धारित समयमै पूरा गर्न सकेपनि अन्य लक्ष्यहरूमा सफलता पाउन सकेको थिएन। स्रहशाब्दी विकास लक्ष्यमा ५३ प्रतिशत जनतालाई सरसफाई र ७३ प्रतिशत जनतालाई खानेपानीको सुविधा पुऱ्याउने लक्ष्य भने पूरा भएको छ। स्वच्छ खानेपानीको पहुँचलाई जीवनस्तरको एक महत्त्वपूर्ण सूचकको रूपमा लिने गरिन्छ। सन् २०१३/१४ मा गरिएको वार्षिक घरधुरी सर्भेक्षणले करिब ५१.६ प्रतिशत घरधुरीका जनताले पाइपबाट वितरण गरिएको पानी प्रयोग गरेको देखाएको छ। *घटना र विचार*






ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क नं. : ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)**
समय बलवान रहेको छ, यो अवधिमा नयाँ कामको थालनी गर्नुभएमा तपाइँको लागि लाभदायक हुनेछ, आज मन प्रसन्न रहला ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)**
कार्यसिद्धि हुने दिन छ, मान-सम्मानमा वृद्धि हुनेछ, भाग्यले साथ दिनेछ, पारिवारिक माहौलमा रमाइलो जमघट हुनेछ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)**
समय फलदायी छ, उपहार प्राप्तिको योग रहेको छ, छोटो दुरीको रोमान्टीक यात्रा हुनाले तपाईको मन प्रशन्न रहने छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)**
समय सापेक्षित छ, जुनसुकै काम गरे पनि सिद्ध भएर जाने समय छ, साथीभाइले पूर्ण सहयोग गर्नेछन्, मन आनन्दित रहला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)**
मन प्रशन्न रहला, धन लाभ हुनेछ, स्वास्थ्य शुख प्राप्त होला, शत्रुमाथि विजय प्राप्त हुनेछ, शुभ खबर सुन्न पाइने छ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)**
समय मिश्रित फलदायी छ, टाउको तथा आँखा सम्बन्धी समस्याले सताउन सक्छ, सन्तान पक्षबाट सहयोग प्राप्त हुनेछ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते)**
समय अनुकूल रहेको छ, नयाँ कामको प्रस्ताव आउनेछ, बोलिको भरमा अधुरो कामहरू फत्ते भएर जानेछन्, मन प्रसन्न रहला ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)**
दिन मध्यम छ, यात्राको प्रक्रिया अघि बढाउन सकिने योग छ, तत्काल हतार गरेर गरेका काममा नोक्सानी व्यहोर्नुपर्ने हुन सक्छ, भैपरीआउने खर्चले चिन्ता होला ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)**
उत्तरार्द्धपछि काम बन्ने योग रहेको छ, दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय रहेको छ, आफ्नो लाभांशप्रति अरूले दाबी गर्न सक्छन् ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)**
बोलिको भरमा विशेष काम बन्ने योग छ, बोलिमा विचार पुऱ्याउनुहोला, खानपानले गर्दा पेट तथा स्वास्थ्यमा समस्या देखिन सक्छ विशेष सतर्कता अपनाउनु होला ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)**
कार्यसिद्धी हुने दिन छ, अचानक मान-सम्मान मिल्ने योग छ, भाग्यले साथ दिनेछ, धार्मिक गतिविधि बढेर जानेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)**
पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले उत्साह-उमँग बढ्ने छ, छोटो दुरीको रमाइलो यात्रा हुनाले मन हर्षित रहला ।

मिति २०८२/१२/०७ शनिबारको
**सुनचाँदी मूल्य**



छापावाला
सुन प्रति तोला
रु. २९४,५००।-



चाँदी
प्रति तोला
रु. ४,८९५।-

# द्वन्द्वकालमा लालपुर्जा जलेका चैनपुरका जग्गाको नापजाँच सकियो

**संखुवासभा, चैत ७।** संखुवासभाको चैनपुरमा रहेको विशेष नापी कार्यालयले १२ हजार हेक्टर जग्गा नापजाँच सम्पन्न गरेको छ ।

वि.सं. २०५९ बैशाख १४ गते चैनपुरस्थित नापी तथा मालपोत कार्यालयमा आगजनीका हुँदा संखुवासभाका चार स्थानीय तहका सक्कल नक्सा र फिल्डबुक तथा जग्गाधनी दर्ता श्रेस्ता (मोठ)लगायत महत्वपूर्ण कागजात पूर्ण रूपमा नष्ट भएका थिए ।

द्वन्द्वका बेला आगजनीबाट नष्ट भएका चैनपुर, पाँचखपन, मादी र धर्मदेवी नगरपालिकाभित्रका २४ हजार हेक्टरको सक्कल नक्सा र फिल्डबुक तथा जग्गाधनी दर्ता श्रेस्ता पूर्णरूपमा नष्ट भएका थिए । विशेष नापी कार्यालय चैनपुरले द्वन्द्वकालमा आगलागीका कारण नष्ट भएका सक्कल नक्सा र जग्गाधनी दर्ता श्रेस्ता पुन: अभिलेख राख्न जग्गाको नापजाँच तीव्र बनाएको हो ।

हालसम्म १२ हजार एक सय ५३ हेक्टर जग्गाको नापजाँच सकिएको विशेष नापी कार्यालयका प्रमुख हरिशरण नेपालले जानकारी दिए । आवादी सात हजार तीन सय १२ हेक्टर र चार हजार आठ सय ४१ सरकारी जग्गाको पुन: नापजाँच गरिसकिएको उनले बताए ।

सीमित स्रोतसाधन र जनशक्तिका कारण चार पालिकाको २४ हजार हेक्टर मध्ये हालसम्म १२ हजार एक सय ५३ जग्गाको नापजाँच तथा नापनक्सा सम्पन्न भइसकेको प्रमुख नेपालले जानकारी दिए । उनका अनुसार जग्गाको नापजाँचका शीघ्र सम्पन्न गर्न चारवटा प्राविधिकसहितको टोली विभिन्न स्थानमा खटिएका छन् ।

हाल विशेष नापी कार्यालयले चैनपुर, पाँचखपन, मादी र धर्मदेवी नगरपालिकामा नापनक्सा तथा लालपुर्जा वितरणको काम गरिरहेको छ । आगलागीमा नष्ट भएका चैनपुर-८ र ९ का एक हजार एक सय ९० जग्गाधनीले लालपुर्जा पाइसकेका छन् । त्यसैगरी, नापनक्सा सकिएका चैनपुर-९ का छ सय २७ र वडा नं. ८ का पाँच सय ६३ जग्गाधनीको लालपुर्जा वितरण भइसकेको विशेष नापी कार्यालयले जनाएको छ ।

कागजात नभएकाले स्थानीयले लामो समयदेखि कानूनी झन्झट र सम्पत्ति प्रयोगमा समस्या झेल्दै आएका थिए । वि.सं.२०७६ माघ १३ गतेको मन्त्रिपरिषद् निर्णय अनुसार अभिलेख पुन:स्थापनाका लागि विशेष नापी कार्यालय स्थापना गरिएको थियो । बसाइँसराइले जनसहभागिता कमी, नियन्त्रण विन्दु नभेटिने, पुरानो सफ्टवेयर, घाममा उपकरण बिग्रिरहने लगायत कारणले नाप नक्सा तथा लालपुर्जा वितरणमा केही ढिलाइ भएको कार्यालयले जनाएको छ ।

# सुन्दरहरैंचामा नि:शुल्क आँखा शिविर




**मोरङ, चैत ७।** गछिया जेसीसको आयोजनामा सुन्दरहरैंचा-३ स्थित लक्ष्मीनारायण मन्दिर परिसरमा सञ्चालन गरिएको एक दिवसीय नि:शुल्क आँखा शिविर सम्पन्न भएको छ ।

काठमाडौंस्थित तिलगंगा आँखा प्रतिष्ठानको व्यवस्थापन तथा रामलाल गोल्छा आँखा अस्पतालको सहयोगमा सञ्चालन गरिएको उक्त शिविरबाट स्थानीय बासिन्दाले प्रत्यक्ष लाभ लिएका छन् ।

सुन्दरदुलारी उद्योग वाणिज्य संघका अध्यक्ष रमेश थापा को प्रमुख आतिथ्य तथा गछिया जेसीस वर्ष २०२६ का अध्यक्ष कमल ढुंगाना (कुन्दन)को अध्यक्षतामा शिविर आयोजना गरिएको हो । एकै दिन सञ्चालन गरिएको उक्त शिविरमा आँखा जाँच, परामर्श सेवा प्रदान गर्नुका साथै आवश्यक औषधि नि:शुल्क वितरण गरिएको थियो । शिविरबाट एक सय ५० जनाभन्दा बढी सेवाग्राहीले लाभ लिएको आयोजक गछिया जेसीसले जनाएको छ । शिविरमा बोल्दै अध्यक्ष ढुंगानाले छोटो समयमै ठूलो संख्यामा सेवाग्राहीलाई सेवा दिन पाएकोमा खुशी व्यक्त गरे ।

त्यसैगरी प्रमुख अतिथि रमेश थापाले यस्ता सामाजिक अभियानले समुदायमा सकारात्मक प्रभाव पार्ने उल्लेख गरे । उनले गछिया जेसीसको प्रयासलाई प्रशंसनीय भन्दै आगामी दिनमा अझ व्यापक कार्यक्रम सञ्चालन गर्न आग्रह गरे ।

कार्यक्रमको सञ्चालन गछिया जेसीसका महासचिव निश्चल घिमिरेले गरेका थिए । आयोजकका अनुसार एकदिने शिविर भए पनि यसले स्थानीय स्तरमा उल्लेखनीय प्रभाव पारेको छ ।

# एनएमसीको सदस्य शिक्षा कार्यक्रम

**बिर्तामोड, चैत ७।** नेपाल बहुउद्देयीय सहकारी संस्था लिमिटेड (एनएमसी)ले एक दिवसीय सदस्य शिक्षा कार्यक्रम सम्पन्न गरेको छ ।

बिर्तामोड-१० स्थित संस्थाको सैनिकबजार सेवाकेन्द्र अन्तर्गत एकाइ नं.२ का उपस्थित सम्पूर्ण सेयर सदस्यको अध्यक्षतामा सम्पन्न कार्यक्रममा सैनिकबजार सेवाकेन्द्रगत एकाइ उपसमिति संयोजक ओमबहादुर गुरुङले औचित्यसहित स्वागत गरेका थिए ।

कार्यक्रममा संस्थाका प्रशिक्षक तथा सेवाकेन्द्रगत उपसमिति सदस्य रत्नबहादुर बस्नेतले प्रशिक्षण प्रदान गरेका थिए । उनले सहकारीको अर्थ,शेयर सदस्यको भूमिका, सदस्य बन्नु अघि तथा सदस्य बनेपछि ध्यान दिनुपर्ने कुरा, संस्थाको संरचना, सेवा सुविधा लगायत विषयमा जानकारी गराएका थिए । त्यस्तै सैनिकबजार सेवाकेन्द्र कर्जा तथा सामुदायिक विभाग प्रमुख सम्झना गौतमले संस्थाको वित्तीय झलक, एनएमसीद्वारा सञ्चालित बहुव्यवसाय र तिनको वर्तमान अवस्था लगायत विषयमा सहजीकरण गरेकी थिइन् ।

कार्यक्रममा संस्थाका ज्येष्ठ नागरिक सरोकार उपसमिति सदस्य मनु मुखियाले असल संस्कारबारे जानकारी गराउँदै सदस्य शिक्षा तालिमको अवसरलाई सक्रियातापूर्वक उपयोग गरी असल सदस्यको जिम्मेवारी पूरा गर्न तथा यसका सेवा सुविधाबाट लाभान्वित बन्न सहभागीलाई आग्रह गरेकी थिइन् ।



कार्यक्रममा सहभागीका तर्फबाट सदस्य टंकप्रसाद बराल र जुना श्रेष्ठले कार्यक्रमबाट संस्थाका बारेमा अत्यन्त उपयोगी जानकारी प्राप्त गर्नुको साथै एनएमसीसँग निर्धक्क भई आर्थिक कारोबार गर्न आफूहरु विश्वस्त भएको प्रतिक्रिया दिएका थिए ।

शिक्षा तथा तालिम उपसमितिको आयोजनामा हल्दीबारी-२ मा सम्पन्न कार्यक्रममा सेवाकेन्द्रगत उपसमिति संयोजक टीकाराम दंगाल, सदस्य सीतादेवी राई, सेवाकेन्द्र प्रमुख सन्तोष ढुंगाना, कर्मचारी बालकृष्ण उप्रेती, सदस्य सहजकर्ता चन्द्रबहादुर राई र निशा लिम्बू लगायतको उपस्थिति रहेको थियो । कार्यक्रमको सञ्चालन कर्जा तथा सामुदायिक विभाग प्रमुख सम्झना गौतमले गरेकी थिइन् ।

# ३० वटा विद्यालयलाई पानी शुद्धीकरण गर्ने उपकरण

**खोटाङ, चैत ७।** दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाका ३० सामुदायिक विद्यालयलाई पानी शुद्धीकरण गर्ने उपकरण हस्तान्तरण गरिएको छ ।

नगरपालिका र रोटरी क्लव अफ याला ललितपुरको सहकार्यमा नगरभित्र सञ्चालित ३० वटा सामुदायिक विद्यालयलाई दुई-दुई थान हिलटेक, फिल्टर र हिलटेक स्ट्यान्ड हस्तान्तरण गरिएको हो ।

शुद्धीकरण नगरेको पानी सेवन गर्दा विद्यार्थीहरूमा पानीजन्य रोगबाट बिरामी हुने समस्या देखिएकाले त्यसको समाधान गर्न नगरपालिकासँगको सहकार्यमा विद्यालयलाई उपकरण वितरण गरिएको रोटरी क्लव अफ यालाका प्रतिनिधि गोकुल दङ्गालले बताए ।

रोटरी क्लव अफ यालाले रु.१० लाखभन्दा बढी मूल्यको पानी शुद्धीकरण सम्बन्धी उपकरण खरिद गरेर विद्यालयका लागि उपलब्ध गराएको नगर प्रमुख तीर्थराज भट्टराईले बताए ।


## कार्की ट्याक्सी सर्भिस

दमक-बिर्तामोड-दानाबारी-जितपुर-मंगलबारे दैनिक सेवा रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्

छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे

सम्पर्क (चालक)
सन्तोष ९८०६०१८१७४, ९८४०३८७६७५
जीवन कार्की ९८१७९४०१७३
मे १ ज १६७०

## घर ढलान गर्नुछ ?

तपाईको सेवामा सधैं चन्द्र सूर्य आर.एम.सी.
झापा तथा इलाम जिल्लामा घर ढलान, बाटो, पुल-पुलेसाका तथा भौतिक संरचनामा उच्च गुणस्तर कंक्रिट ढलानका लागि आधुनिक रुपमा अनुभवी कामदारबाट काम गर्नुपरेमा सधैंसम्झनुहोस् ।
सेवामा २४सैं घण्टा उपलब्ध छौं ।
सम्पर्क : ९८०२३१३२९०, ९८२४०५७७०७, ९८०२३१३२९३

## SUNMAI SPRING

'थोपा-थोपामा जीवन छ'
HACCP, ISO 9001:2015 CERTIFIED COMPANY, स्वदेशी
स्वास्थ्य जीवनका लागि सुनमाई पानी पिउने बानी बसालौं ।
SUNMAI SPRING
Phone: 530335, 530234
Mob. No. 9801440344

## कोसेली

शुद्ध दूधको स्वस्थ उत्पादन
"सुखद् उत्सव होस वा पारिवारिक समारोहमा कोसेली सधैं तपाईहरुको साथमा"
दूध तथा दूधबाट बनेका सम्पूर्ण उत्पादनहरु बिर्तामोड एरियामा होम डेलिभरीसहित उपलब्ध छ । साथै क्याटरिङ तथा पार्टी भोजका लागि चाहिने सम्पूर्ण दूग्ध परिकार र मिनी रसवरी पनि उपलब्ध छ ।
कालिका डेरी, कृषिथोक पूर्वगेट बिर्तामोड,
फोन नं.: ०२३-५३४१२९
९८५२६४४१२९, ९८०२३१३२७२

## Ganapati Bakers

Finest Bakery in town
गणपति बेकरीका परिकारहरुका लागि हामीलाई सम्झनुहोस् ।
सम्पर्क नम्बर :
बिर्तामोड : ९८१०९४४५७७
काँकरभिट्टा : ९८२०५४४५७७
भद्रपुर : ९८२०१४४५७७

## उच्च गुणस्तर सुलभ मूल्य
## सयपत्री बालुवा प्रशोधन उद्योग

यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ ।
सम्पर्क : ९८६६२४२४६६
Whatsp: ९८४२६५४४००/९८०४९५४४००
अर्जुनधारा नपा- ४, झापा

## सेफ्टी ट्यांकी चाहिएमा

अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा राम्रो सेफ्टी ट्यांकीलाई सम्पर्क गर्नुहोस् । सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ ।
सम्पर्क: शिवसताक्षी, कन्काई, बिर्तामोड, धुलाबारी, अर्जुनधारा, बुधबारे
देवराज गिरी
९८१३६७६६२२/९८४२०७०५८६/९७०६१९६४०६

## सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क: राजुकुमार श्रेष्ठ ९८५२६४६००५, ९८०६०१०४१०, ९८४२६३४६२, ०२३-५४६००५
दमक सम्पर्क: देवी सिटौला ९८२४९७९१८५, ९८४२७६०२६५, ९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

## UAE मा रोजगारीको अवसर

UNited International Group
७ दिनमा भिषा आउने
कम्पनी: युनाइटेड इन्टरनेशन ग्रुप LT No .309924
पद : मेसन, कार्पेन्टर, स्टील फिक्चर, हेल्पर
ASIA LINK SERVICES (P) LTD .
BRANCH OFFICE : BIRTAMOD, JHAPA
Tel: 023-535072 / 531287
Mob: 9852674809 / 9863714421
9807963795 / 9816015488
email: asialinkjhapa@gmail.com
phagdhakgroup@gmail.com

## वैदेशिक रोजगार

के तपाई विदेश जान चाहनुहुन्छ ?
यदि भरपर्दो र विश्वासिलो मेनपावरको खोजीमा हुनुहुन्छ भने खगोल ओभरसिजलाई सम्झनुहोस् । यहाँबाट विभिन्न देशहरु दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरबमा डाइरेक्ट कम्पनीमा नेपाली कामदारहरु पठाउने व्यवस्था गरिएको छ ।
सम्पर्क: ९८०१४०१३००, ९८०१४२७३०१, ९८०१४२७३०३
बिर्तामोड, झापा

## वैदेशिक रोजगार

अब वैदेशिक रोजगारीका लागि भरपर्दो मेनपावर बिर्तामोडमा
हामीलाई सम्पर्क गर्नुहोस् । बिना झन्झट राम्रो तलब (सेलरी)मा तपाईलाई वैदेशिक रोजगारमा हामी पठाउँछौं ।
सम्पर्क :
GLOBAL RECRUIT EXPERTS
Branch Office: Birtamode, Jhapa
Near Aduwa Khola Behind Binayak hotel
Birtamode, jhapa, Nepal
Phone No. :
023-590528, 9702959640, 9702959641, 9702959642, 9702959643, 9806004031
email: globalrecruitexperts9@gmail.com

## UPVC झ्याल ढोका

टर्की ब्रान्डका UPVC ओरजिनल झ्याल, ढोका पार्टीसन लगाउनु परेमा हामीलाई सम्झनुहोस् ।
गणपति UPVC झ्याल, ढोका-संसार
सम्पर्क :
बिर्तामोड, चारपाने, सुरुङ्गा, दमक
९८५२६७१४२२, ९८१८२१०६७०

## ताप्लेजुङ -पाथीभरा सफल यात्रा

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।
ताप्लेजुङ पाथीभरा काउन्टर
मो. : ९८०३२५०४७२, ९८०१३६४०९३

## DRISHTI Eye Care System

TRUSTED BY MORE THAN 1.1 MILLION+ PATIENTS
प्रत्येक दिन आँखाको शल्यक्रिया
१) मोतियाविन्दुको शल्यक्रिया
२) जलविन्दुको शल्यक्रिया
३) आँखाको पर्दा (रेटिना)को शल्यक्रिया
४) आँखाको डेढोपन (छड्के आँखा)को शल्यक्रिया
५) आँखाको नानी प्रत्यारोपण (शल्यक्रिया)
Visit our Website www.drishtieye.org
सबैका लागी दृष्टि सधैंका लागी दृष्टि

## अब बिर्तामोडमा डा. पिताम्बर ठाकुर

MBBS. MD(TU)
NMC NO. 1914
मेची अञ्चल अस्पतालका Ex-Superintendent वरिष्ठ फिजिसियन
हरेक दिन बिहान ११:०० देखि १:०० र दिउसो ३:०० देखि ५:०० बजेसम्म
के तपाईलाई तलका मध्ये कुनै समस्या छ ?
पेट सम्बन्धी समस्या, मुटु सम्बन्धी समस्या, राति निद्रा नलाग्ने, छाती दुख्ने, फोक्सो सम्बन्धी समस्या, बाथ, थाईराईड, रक्तचाप, मधुमेह
डाक्टर आउने समय : बिहान ११:०० बजेदेखि ५:०० बजेसम्म
(+977) 9817964771, (+977) 023-590008
THAKUR POLYCLINIC
Birtamode-1, Jhapa, Nepal
Opposite of Paschim Bus Stand

## आरोग्य मल्टि-स्पेसियलिटी डेन्टल क्लिनिक

१५ वर्षको अनुभवसँग तपाईको सेवामा :
हामीले प्रदान गर्ने सेवाहरू :
- दाँतका सम्पूर्ण समस्याको समाधान
- आर्थोडन्टिक उपचार (braces)
- दाँत सफा गर्ने (Scaling)
- ब्रिज, क्राउन र इम्प्लान्ट (implant)
- बालबालिका दाँत उपचार

नि:शुल्क चेक-अप र आर्थोडन्टिक परामर्श लिनुहोस् ! तपाईको सेवामा !
हाम्रो स्थानहरू: बिर्तामोडमा हिकोला रोड, फोन नं. ९८६९१८३०४२
शनिश्चरेमा NIC एशिया बैंकको तल फोन नं. ९८१७०५६११८

## विशेषज्ञ डाक्टरहरूको सेवा अब कान्तिपुर मेडिसीन सेन्टर

उपचार हुने रोगहरू :
- उच्च रक्तचाप (Blood pressure)
- सुगर, हर्मोन, थाइराइड विशेषज्ञ
- वरिष्ठ मानसिक रोग विशेषज्ञ
- वरिष्ठ छाला, यौन रोग विशेषज्ञ
- वरिष्ठ बाल रोग विशेषज्ञ
- स्त्री तथा प्रसुति रोग विशेषज्ञ

यहाँ रेबिजबिरुद्धको भ्याक्सीन लगाइन्छ । साथै प्याथोलोजी सेवा पनि उपलब्ध छ ।
अदुवा पुल छेउ गणेश पेट्रोल पम्पसँगै बिर्तामोड, झापा (फोन: ०२३-५३२८४५)

## आयुर्वेद उपचार

यहाँ पाइल्स, फिस्टुला, फिसरको विशेषज्ञ डाक्टरद्वारा सफल उपचार गरिन्छ । साथै शरीरका सम्पूर्ण रोगहरुको पनि उपचार गरिन्छ ।
सुश्रुत आयुर्वेद अस्पताल प्रा.लि.
काँकरभिट्टा रोड, बोलबम पेट्रोलपम्पसँगै काली मन्दिर छेउ, बिर्तामोड
सम्पर्क: ९८१८७९३९८६, ९८५२६८८९८६

## हामीलाई सम्पर्क गर्नुहोस्

सेक्युरिटीमा जागिर खानु परे वा सेक्युरिटी चाहिएमा हामीलाई सम्पर्क गर्नुहोस् । हामी तपाईहरुको आवश्यकता पूरा गर्नेछौं ।
नोट: सिबिल वा रिटायर जुनै भए पनि हुनेछ ।
सेभेन स्टार सेक्युरिटी सर्भिस प्रा. लि.
SEVEN STAR SECURITY SERVICE PVT. LTD.
फोन : ०२३-५९१०९५,
मो. ९८०१४१६८४०, ९८०१४१६८४१
मो. ९८०१४१६८४२, ९८०१४१६८४३

## झापामै पहिलो होमियोप्याथिक

तारा होमियो फार्मेसीमा सम्पूर्ण होमियोप्याथिक औषधि उपलब्ध हुनुका साथै डाक्टरको सेवा पनि उपलब्ध छ ।
- पेटका रोगहरु: ग्यास्ट्रिक, पेट दुख्ने, पोल्ने, खाना नपच्ने, अरुचि,पाइल्स, फिस्टुला फिस्सर,मलद्वारमा मासु पलाउने, कब्जियत,जण्डीस,
- लिभरका रोगहरु
- महिलाको महिनावारी गडबडी, सानो पेट दुख्ने, पोल्ने, सुन्निने, सेतोपानी जाने, ढाड दुख्ने, स्थनका गाठागुठी आदि ।
- अनुहारको चायाँ पोतो, डण्डिफोर, मुसा, खिल, अैजेरु, दम, खोकी, बाथ, मृगौलाको पत्थरी, टाउको दुख्ने, निद्रा नलाग्ने,रुघा लागिरहने, एलर्जी, नाक बन्द हुने, नाकमा मासु पलाउने, पिनास, जोर्नी दुख्ने, युरिक एसीड, थाइराइडको समस्या, स्त्री तथा पुरुषका विभिन्न गुप्तरोगहरु, सुगर,ब्लड प्रेसर,कपाल झर्ने, मोटोपन घटाउने आदि ।

तारा होमियो फार्मेसी
बिर्तामोड, झापा
फोन नं.:- ०२३-५३१२९८, ९८५२६७२३१६

## सिलिङ सम्बन्धीको सम्पूर्ण काम गर्नुपरेमा हामीलाई सम्झनुहोस्

यहाँ गुणस्तरीय सामानको प्रयोग गरी जिप्सन, फल्ससिलिङ, २x२ जिप्सन तथा २x२ सिमेन्ट बोर्ड सिलिङ साथै पीभीसी सिलिङ र सिमेन्ट बोर्ड पाटेसन सम्बन्धी सम्पूर्ण काम दक्ष प्राविधिकबाट गरिनुका साथै सिलिङ सम्बन्धी सम्पूर्ण सामान होलसेल तथा खुद्रा मूल्यमा उपलब्ध छ । आजै सम्पर्क गर्नुहोस् मौकाको फाइदा लिनुहोस् ।
बिर्तामोड : झापा फल्स सिलिङ हाउस
९८१७९९७२१२, ९८२५९१४४३०
उर्लाबारी : उर्लाबारी इन्टेरियर डेकोर
फोन नं. : ९८११३४८२४३

## हाड जोर्नी नसाका बिरामीलाई सुवर्ण अवसर काठमाडौंका विशेषज्ञ बिर्तामोडमा

स्पार्क अस्पताल काठमाडौंका बरिष्ठ **डाक्टर अनिलकुमार महतो** यही २०८२ साल **चैत ७ गते शनिबार** स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोडमा आउँदै हुनुहुन्छ । आफ्नो समस्या जाँच गराई मौकाको फाइदा लिनुहोस् ।
**जाँच हुने समस्याहरु :**
- ढाड, कम्मर, गर्दन । घुँडा, जोर्नीहरु दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको
- शरीर झम्झमाउने, लाटो हुने, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको

समय : बिहान ८:०० दे[redacted]
स्पार्क पूर्वाञ्चल अस्पताल,
कनकाई रोड, नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा
(फोन : ०२३-५३०१२३, ९७६२९००२८८, ९८१४०३२६६२, ९७६२९००२[redacted]

## डेंगी रोगबाट आफू बचौं अरुलाई पनि बचाऔं



बिर्तामोड नगरपालिकाले डेङ्गी रोगको रोकथाम र नियन्त्रणको लागि लामखुट्टेको लार्भा 'खोज र नष्ट गर' अभियान सुरू गरेको हुँदा सबै जना अनिबार्य सहभागी बनौं ।

**डेंगी के हो ?**
डेंगी लामखुट्टेबाट सर्ने भाइरल संक्रमण वा रोग हो । डेंगीका कारण उच्च ज्वरो आउने,बेस्सरी टाउको दुख्ने, आँखाको गेडी दुख्ने, हाडजोर्नी र मांसपेशीहरू र ढाड दुख्ने, शरीरमा विविरा आउने, रिँगटा लाग्ने, वाकवाकी, वान्ता हुने, यसका साथै पेट दुख्ने, श्वासप्रश्वासमा समस्या आउने, नाक वा गिजाबाट रगत बग्ने, रक्तश्राव हुने, बेहोस हुने आदि हुने गर्दछ ।

**डेंगीबाट बच्न के गर्न सकिन्छ ?**
- बिहान, दिउँसो, राति जुनसुकै बेला झुल लगाएर मात्रै सुत्ने,
- पूरा बाहुला भएको पूरा शरीर ढाक्ने लुगा लगाउनु पर्छ,
- शरीरका खुल्ला भागमा लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने,
- लामखुट्टे भगाउन लामखुट्टे धपाउने विधिहरू अपनाउने जस्तै : धुप बाल्ने,
- घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्याल ढोकामा जाली लगाउने,
- आफ्नो घर वरिपरि, कार्यस्थल र सार्वजनिक स्थानहरूमा पानी जम्न नदिई सफा राख्ने,
- पानी जमिहालेको खण्डमा हप्तामा २ पटक जमेको पानी फाल्नुपर्छ,
- कुलरमा रहेको पानी हप्तामा २ पटक सफा गर्नुपर्छ,
- गमला वा गमला राखेको प्लेटमा जमेको पानी हप्तामा २ पटक फालेर प्लेट सफा राख्ने,
- भाँडाकुँडामा पानी जम्न नदिन घोप्ट्याएर राख्ने,
- घर वरपर रहेका पानी जम्ने खाल्डाखुल्डीलाई पुरिदिने,
- काम नलाग्ने भाँडाकुँडा, सिसी, बोतल, प्लास्टिकका सामग्री, टायर आदिको पानी जम्न नमिल्ने गरी विसर्जन गर्ने ।

डेंगीविरूद्ध खोप र खास उपचार समेत नभएकाले लामखुट्टेको टोकाइबाट बच्नु नै यस रोगबाट बच्ने प्रमुख उपाय हो । डेंगीको शंका लाग्नासाथ नजिकैको स्वास्थ्य संस्थामा अनिवार्य जानुहोस् ।

जनहितका लागि
बिर्तामोड नगरपालिका
झापा, कोशी प्रदेश